कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

गमगढी, मुगु, नेपाल

फोन नं. - ०८७-४६००८६
ईमेल:akcmugu@gmail.com

प. सं. - २०८१/०८२ (योजना)
च. नं. -

अनुसूची- ३
(दफा ६ को उप-दफा १ सँग सम्बन्धित)

## विषयः अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना ।

*दोस्रो पटक प्रकाशित मितिः-२०८१/०७/२६*

प्रस्तुत् विषयमा यस कार्यालयको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत विकास कार्यक्रम लागत सहभागीतामा कृषि व्यवसाय कार्यक्रम संचालन गर्नको लागि **प्रथम पटक प्रकाशित सूचना मितिः २०८१ साल असोज १५ गतेको** सूचना आव्हान भए वमोजिम आवश्यक संख्या भन्दा न्यून आवेदन दर्ता हुन आएकाले पुनः इच्छुक **उद्यमी कृषक / कृषि फर्म / कृषक समूह तथा कृषि सहकारी संस्था लि.हरुले** व्यवसायिकहरुले प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ। यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ (सात) दिन (२०८१ मंसिर ०२ गते) भित्र तपशिलमा उल्लेखित आवश्य कागजात सहित आवेदन / प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ। यस सम्बन्धि थप जानकारीका लागि यस कार्यालयको टेलिफोन न. ०८७-४६००८६ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

तपसिलः

| सिं. नं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन स्थानिय तह | वजेट रु. |
|---|---|---|---|
| १ | व्यवसायिक कपास खेती विकास कार्यक्रम | सोरु गाउँ पालिका मुगु | ५ लाख |

आवश्यक कागजातः

१. सस्था/कम्पनी दर्ताको प्रमाण पत्र तथा नविकरणको प्रतिलिपि

२. कृषि व्यवसायमा आवद्ध सम्बन्धित कृषि सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र "कार्यक्रम संचालन" गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि

३. "सम्बन्धित कार्यक्रम संचालन" गर्ने प्रस्तावना

४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र

५. कृषि सहकारी संस्था लि., कृषि व्यबसायि र निजी फर्म, कम्पनिको हकमा कर/भ्याट दर्ता प्रमाण-पत्र र गत आ.व.२०८०/०८१ को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपि र कर चुक्ता गरेको प्रमाणको प्रतलिपि

६. संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि

७. कार्यक्रम संचालन गर्ने जग्गाको स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी (समूह सहकारीको हकमा संचालक समितिमा रहेका पदाधिकारीहरुको)/ भाडामा हो भने कम्तीमा १० बर्षे संझौता पत्र

८. कम्तीमा ५ वर्षे व्यावसायिक योजना र प्रतिवद्धता पत्र।

९. समूह / कृषि सहकारी संस्था / कृषि व्यबसायि/ निजी फर्म/कम्पनिको पाना नम्वर

१०. नागरिकताको प्रतिलिपि (समूह, सहकारीको हकमा संचालक समितिमा रहेका पदाधिकारीहरुको)

२०८१/०७/२६

धर्म बहादुर शाही
नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

गमगढी, मुगु, नेपाल

फोन नं - ०८७-४६००८६
ईमेल:akcmugu@gmail.com

प. सं. - २०८१/०८२ (योजना)
च. नं. -

११. निवेदनमा संस्थाको छाप लगाएको छाप नभएमा रु. १० को हुलाक टिकट टाँस गरेको हुनु पर्ने।
१२. निवेदन र प्रस्तावमा आदिकारीक दस्खत गरेको हुनु पर्ने ।
१३. सम्पूर्ण कागजातमा आदिकारिक ब्यक्तिले दस्तखत गरी संस्थाको छाप लगाएको हुनु पर्ने ।
१४. प्रस्तावमा लेखिएको रकम अंक पानै पिच्छे समान हुनु पर्ने ।
१५. प्रस्ताव पत्रमा माग गरिएको विवरण सबै भरेको हुनु पर्ने ।
१६.छुट्टै कागजमा प्रस्तावकको हालको अवस्था र आगामी ५ बर्षको क्षेत्र बिस्तार, लागत, उत्पादन, बजारिकरण, आम्दानी र रोजगारीको योजना बनाएर पेश गरेको हुनु पर्ने।

## प्रस्ताव पशे गर्दा लाग्ने दस्तुर:

१. रु. एक लाख देखि रू.पाँच लाख सम्मको योजना मागका लागि लाग्ने दस्तुर रकम रु. १००.० ( अक्षेरुपी: एक सय रुपैयाँ मात्र)
२. रु. पाँच लाख भन्दा बढी रुपैयाको योजना मागका लागि लाग्ने दस्तुर रकम रु. ५००.० ( अक्षेरुपी: पाँच सय रुपैयाँ मात्र ) ।

**नोट: राजश्व जम्मा गर्नेको लागि:**

१. कार्यालयको कोड नम्वर - ३१२०१६३०५६
२. राजश्व खाता नं. - १०००१००२०१०१०००६
३. जम्मा गर्ने वैकको नाम: राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय मुगुमा जम्मा गरेको भौचर संलग्न हुनु पर्ने छ ।
४. प्रश्तावनाहरु खाम बन्दी गरी पेश गर्नु पर्ने छ ।

**नोट: यो कार्यक्रम कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को अधिनमा रही संचालन हुनेछ ।**

नोट: गतका आर्थिक वर्षहरुमा कार्यक्रम परेका निवेदनहरुलाई कम प्राथामिक्ता दिईनेछ ।

२०८१/०६/२५
धर्म बहादुर शाही
नि. कार्यालय प्रमुख